कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर,बाँके

(लुम्बिनी प्रदेश, नेपाल)

**विषय : आ.व.२०७८/०७९ को लागि कबाडी मालसमान, जडीबुटी र जीवजन्तु बिक्रि बितरण तथा उपयोगमा लाग्ने कर संकलन ठेक्का बन्दोबस्त सम्बन्धी शिलबन्दी बोलपत्र पेश गर्ने आव्हानको सूचना ।**

सूचना प्रकाशित मिति :-२०७८/०४/१३

आ.व.२०७८/०७९ को लागि मुख्य राजमार्ग समेत नगरपालिकाको क्षेत्र भित्रका उद्योग कलकारखानाबाट निस्कने कबाडी माल, जडीबुटी र प्रचलित कानून बमोजिम निषेधित जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुहरुको हाड, सिंग, प्वाँख, छाला वा यस्तै प्रकृतिको व्यवसायिक उपयोग गरे वापत बिक्री बितरण तथा उपयोगमा लाग्ने कर संकलनको लागि **स्थानिय सरकार सञ्चालन ऐन-२०७४ को दफा ६१ बमोजिम** देहायको आन्तरिक आय सम्बन्धी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले यस नगरपालिकाले तोकेको शर्तहरुको अधिनमा रही इच्छुक व्यवसायी, फर्म, कम्पनी तथा व्यक्तिहरुबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी कर शुल्क संकलन गर्नका लागि यस नगरपालिकाबाट जारी गरिएको तपशिल बमोजिमको बोलपत्र फाराम खरिद गरी तोकिएको म्याद भित्रमा बाट मात्र शिलबन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल :-

| सि.नं. | किसिम | कर तथा मर्मत शुल्क संकलन क्षेत्र | न्युनतम ठेक्का मुल्य रु. (भ्याट वाहेक) | बोलपत्र खरिद दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | कबाडी माल, जडीबुटी तथा अन्य मृत वा मारिएका जीवजन्तुहरुको हाड, सिंग, प्वाँख, छाला बिक्रि बितरण तथा उपयोगमा लाग्ने कर संकलन | मुख्य राजमार्ग समेत नगरपालिकाको क्षेत्रभित्रका उद्योग तथा कलकारखानाहरु | १९,९९,९९९।- | १,०००।- | |

१. बोलपत्र खरिद गर्न ईच्छुक व्यवसायी, फर्म तथा कम्पनीहरुले मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, आ.व.२०७७/०७८ सम्मको फर्म नविकरण, आ.व.२०७६/०७७ को कर चुक्ता प्रमाणपत्रको प्रतलिपी तथा व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र मु.अ.करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी साथ मिति २०७८/०४/२७ गते दिनको १२.०० बजे सम्ममा शिलबन्दीबाट नगरपालिकाको कार्यालयबाट खरिद गरी दर्ता गरी सक्नुपर्नेछ । तोकिएको समय भित्र प्राप्त बोलपत्रहरु सोहि दिन दिनको २.०० बोलपत्रदाता वा निजको प्रतिनिधि र यस नगरपालिकाका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन ।बोलपत्र खरिद गर्ने, दर्ता गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो दिन पछि कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

२. बोलपत्र फाराम खरिदको लागि यस नगरपालिकाको नाममा कृषि विकास बैंक लिमिटेड कोहलपुर शाखामा रहेको आन्तरिक राजस्व खाता नं. ०७२०५०१०००२३५३६५ मा तोकिए बमोजिमको दस्तुर जम्मा गरि सो को सक्कलै बैंक भौचर पेश गर्नुपर्ने वा नगरपालिकाको राजस्व शाखामा नगदै बुझाएको सक्कलै नगदी रसिद पेश गर्नुपर्ने छ ।

३. बोलपत्रदाताले बोलकबोल रकम अंक र अक्षरमा दुवैमा उल्लेख गर्नु पर्ने छ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा उल्लेखित रकमलाई मान्यता दिईने छ ।

४. म्याद नाघि वा रित नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारवाही हुनेछैन् ।

६. बोलपत्रदाताले कबोल गरेको अंक (भ्याट सहित) को ५ प्रतिशतले हुन आउने रकम धरौटी वापत यस कार्यालयको नाममा कृषि विकास बैक लिमिटेड कोहलपुर शाखामा रहेको धरौटी खाता नं.०७२०५०१००२३५२१७ मा जम्मा गरेको सक्कलै भौचरहरु वा नेपाल राष्ट्र बैंकबाट बिड बण्ड जारी गर्ने मान्यता प्राप्त वाणिज्य बैंक वा वित्तिय संस्थाबाट जारी बैंक ग्यारेन्टी (विड बण्ड) को सक्कलै प्रति पेश गर्नुपर्ने छ ।

७. प्रचलित कानुन बमोजिम तिर्नुपर्ने कर तथा शुल्कहरु बोलपत्रदाता स्वंयले तिर्नुपर्ने छ ।

८. करको दररेट नगरपालिकाले उपलब्ध गराए बमोजिम हुनेछ । तोकिएको दरमा फरक नपर्ने गरि सम्बन्धित बोलपत्रदाताले कर संकलन गर्नुपर्ने छ ।

९.आ.व. २०७८/०७९ को लागि कबाडी मालसामानहरुको बिक्रि वितरण तथा उपयोगमा लाग्ने कर संकलन मिति २०७८/०५/०१ गते देखि २०७९ साल असार मसान्त सम्मको लागि हुनेछ ।

१०. बोलपत्र स्वीकृत भई सम्झौता भए पश्चात कुनै किसिमको छुट, मिनाह वा माफी दिईने छैन् ।

११. गत बिगतमा नगरपालिकाको ठेक्का प्राप्त गरि बुझाउनु पर्ने रकम बक्यौता रहेको कम्पनि व्यक्ति वा फर्मले यस ठेक्कामा सहभागी हुन पाउने छैन ।

१२.नगरपालिकाले समय समयमा दिएको निर्देशन पुर्ण पालना गर्नु पर्ने छ । साथै ठेक्का सम्बन्धि कुनै बिबाद सिर्जना भएमा नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।

१३. कबोल गरेको रकम सम्झौता गर्ने समयमा एकमुकष्ट बुझाएमा ५ प्रतिशत छुट प्रदान गरिनेछ । बैंकमा रकम जम्मा गर्दा यस नगरपालिकाको नाममा रहेको कृषि विकास बैक लिमिटेड कोहलपुर शाखामा रहेको आन्तरिक राजस्व खाता नं. ०७२०५०१०००२३५३६५ मा रकम जम्मा गर्नुपर्ने छ र सम्झौता गर्दाको समयमा ४० प्रतिशत रकम अनिवार्य रुपमा जम्मा गर्नुपर्ने छ र बाँकि रहेको ६० प्रतिशत रकम कम्तिमा दुई किस्तामा नगरपालिकालाई चुक्ता गरि सक्नु पर्ने छ ।

१४. ठेक्का सम्बन्धी विस्तृत जानकारी यस नगर कार्यपालिकाको कार्यालय (राजश्व शाखा) बाट प्राप्त गर्न सकिने छ ।

१५. बोलपत्रदाताले ठेक्का लिई रकम संकलन गर्ने क्रममा कुनै किसिमको हानी नोक्सानी वा दुर्घटना भएमा बोलपत्रदाता स्वयं सो को जवाफदेही हुनुपर्नेछ ।

१६. ठेक्का सम्बन्धी रसिदहरु बोलपत्रदाता आफैले छपाई नगर कार्यपालिकाको कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ । कार्यालयबाट प्रमाणित नगराई उठाईएको पाईएमा प्रचलित कानुन बमोजिम कार्वाही गरिनेछ ।

१७. यस सुचनामा उल्लेख नभएका कुराहरु स्थानीय सरकार सञ्चालन ऐन-२०७४, सार्वजिनक खरिद ऐन,२०६३ (संशोधन), सार्वजनिक खरिद नियमावली (संशोधन) र प्रचलित ऐन र कानुन बमोजिम हुनेछ ।

टोपेन्द्र बहादुर के.सी.
(प्रमुख प्रशासकीय अधिकृत)